# घोराही उप-महानगरपालिका
# खेलकुद विकास समिति, दाङ

पत्र संख्या : २०८०।०८१
चलानी नं.: १९५
मिति : २०८०।१२।१८


श्रीमान् वडाअध्यक्ष ज्यू,

वडा नं १ देखि वडा नं १९ को कार्यालय

घोराही उप-महानगरपालिका, दाङ

**विषयः अन्तर वडा स्तरीय क्रिकेट प्रतियोगिता सम्बन्धमा ।**

उपरोक्त विषयमा मिति २०८१/१/०८ गते देखि घोराही उप-महानगरपालिका खेलकुद विकास समिति द्वारा सञ्चालन हुन लागेको **अन्तर वडा स्तरीय क्रिकेट प्रतियोगिता** निम्न स्थान, मिति र समयमा हुन गईरहेको हुँदा सो वडाबाट क्रिकेट टिम पठाई सहयोग गरिदिनु हुन विनम्र अनुरोध छ ।

तपसिल

स्थानः घोराही उ.म.न.पालिका १७ गुलरिया क्रिकेट मैदान

मितिः २०८१ बैशाख ८ गते शनिवार

समयः विहान ८:०० बजे

वडाको क्रिकेट टिम दर्ता मितिः **२०८० चैत्र ३० गते शुक्रवार दिनको ३ बजे सम्म**

सम्पर्कः घोराही उप-महानगरपालिका अन्तर वडा स्तरीय क्रिकेट प्रतियोगिता संयोजक श्री देब बहादुर भण्डारी **९८१२८४४३१४** र ९८५७८५६७८९

खेल आचारसंहिता अनुसार वडाको टिम दर्ता गरिने र खेलाइने छ ।

२०८०।१२।१८
नरेन्द्र पुन मगर
संयोजक

# घोराही उप-महानगरपालिका अन्तर वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८० को आचार संहिता यस प्रकार रहेको छ ।

१. T-20 फर्मेटमा क्रिकेट खेल खेलाइने छ ।

२. खेल ICC को नियम अनुसार खेलाइने छ ।

३. वडाको टिममा १४ जना खेलाडी हुनु पर्नेछ जसमा ४ जना खेलाडी घोराही उप-महानगरपालिका, दाङ भन्दा बाहिरका जिल्ला वा क्रिकेट संघमा दर्ता भएको खेलाडी राख्न पाइने छ ।

४. एक जना टिम कोच र १ जना टिम व्यवस्थापक अनिवार्य वडाको टिममा हुनुपर्नेछ ।

५. सहभागी खेलाडी उक्त वडाको स्थायी बासिन्दा हुनु पर्नेछ ।

६. सहभागी खेलाडीको सो वडामा बसेको प्रमाणहरु पछि सम्म फरक नपर्ने गरि नागरिकता, बसाइसराई, मतदाता परिपत्र र जन्मदर्ता मध्ये कुनै १ परिचय खुल्ने प्रमाण सहित हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो अनिवार्य हुनु पर्नेछ ।

७. घोराही उप-महानगरपालिका, दाङ बाहेकका अन्य खेलाडीले जिल्ला क्रिकेट संघको खेलाडी हौ भन्ने प्रमाण लिएर आएमा खेलमा सहभागी गराइनेछ ।

८. खेल हुनु भन्दा १ घण्टा अगाडि यदि कुनै पनि वडाको टिमले अर्को वडाको टिमको खेलाडीलाई प्रोटेष्ट गरेमा घोराही उप-महानगरपालिका, दाङको पञ्जिकरण शाखाको सहयोग लिइ सो वडाको खेलाडी फर्जी भेटिएमा सो वडाको क्रिकेट टिमलाई प्रतियोगिता बाट निष्कासन गरिनेछ ।

९. प्रोटेष्ट गर्नुपरेमा रु.३०००/- (तिन हजार रुपैंयाँ मात्र) आयोजकलाई बुझाउनु पर्नेछ । प्रोटेष्ट सफल भएमा ५०% फिर्ता हुने छ । प्रोटेष्ट असफल भएमा १००% आयोजकको हुने छ । प्रोटेष्ट सफल भई कुनै पनि वडाको टिम निष्कासन भएमा सो वडाको टिमले जरिवाना स्वरुप रु.५०००/- आयोजकलाई बुझाउनु पर्नेछ ।

१०. हरेक वडाले पिउने पानी, खाजा, मेडिकल सामान, खेलमा प्रयोग हुने खेल सामाग्री, यातायात खर्च आफै व्यवस्था गर्नु पर्नेछ ।

११. खेल लिग कम नकआउट अनुसार खेलाइने छ ।

१२. हरेक वडाका खेलाडीहरु जर्सीमा हुनु पर्नेछ ।

१३. कुनै पनि खेलाडी घाइते भएमा प्राथमिक उपचार आयोजकले गर्नेछ भने बाकी उपचार सो वडाले गर्नुपर्नेछ ।

१४. यदि कुनै पनि वडाको टिम निर्धारित समयमा उपस्थित नभएमा खेल ओभर घटाउनुको साथै प्रतियोगिताबाट बञ्चित सम्म गर्न सकिनेछ ।

१५. आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

घोराही उप-महानगरपालिका खेलकुद विकास समिति, दाङ

# घोराही उप-महानगरपालिका

## अन्तर वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८०

### खेलाडी दर्ता फाराम

हालसालै खिचेको पासपोर्ट साइजको फोटो

खेलाडीको नाम: ..................................................

जन्ममिति: ............................../........./........

बुवाको नाम: ..................................................

बाजेको नाम: ..................................................

परिचय खुल्ने कागजपत्र: ..................................................

राष्ट्रियता: ..................................................

सम्पर्क नम्बर: ..................................................

वडा नम्बर: ....................................................

अन्य खेलाडी ....................................................

खेल्ने पोजिसन: ..................................................

खेलाडीको हस्ताक्षर: .......................

आयोजक:

घोराही उप-महानगरपालिका खेलकुद विकास समिति, दाङ